परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक १०५ •२०८० भदौ २८ गते बिहीवार • (14-Sept-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## हुकुम्बासीले सारा गाउँलेका जायजेथा हड्पेपछि



■ राजकरण महतो

बर्दिबास । महोत्तरीको बर्दिबासस्थित रातु खोलाको पश्चिम पट्टिको डकबाट दक्षिणमा पर्छ बर्दिबास-थारु टोल-रौजा -जलेश्वर खडक खण्ड। यहाँबाट करिब २० किलो मिटर दक्षिण लागेपछि थारु टोल बनरा पुगिन्छ। सकडको वरिपरि फैलिएको छ थारुटोल बनरा। जहाँ १ सय ८७ घरपरिवार थारू, मुसहर, बाँतर, तत्मा, चमार र यादवहरूको थातथलो छ। उनीहरूको बसोबास पाँच-६ पुस्ताको छ । तर, उनीहरूको बसोबास रहेको बस्ती भूमाफियाहरूले आफ्नो नाममा दर्ता गराएको भटिएको छ। महोत्तरीको भंगहा-४ थारु टोल बनरा टोलबासीले घर बनाएको जग्गा र खेती गर्दै आएको झण्डै ४५ विघा जग्गा बाहिरका व्यक्तिहरुले आफ्नो नाममा लालपूर्जा बनाएको पीडितहरूले जनाएका छन् । सुकुम्बासीको नाममा हुकुम्बासीहरुले आफ्नो नाममा परेको जग्गाको लालपूर्जा बदर गर्नु पर्ने माग राख्दै बस्तीबासी २५ वर्षदेखि आन्दोलित छन् । तर, सरकारले माग सम्बोधन गरेको छैन। दुई साता पीडितहरु सरकार गुहार्न काठमाडौंस्थित माइतीघर मण्डलामा आएका थिए। उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले उनीहरुले छानविनका लागि समिति गठन गर्ने आश्वासन दिएका थिए। तर आश्वान कार्यानवयन भएको छैन । पीडितहरु फेरि सकार गुहारन काठमाडौं आउने तयीमा छन् । सुकुम्बासी आयोगबाट २०५४ सालमा थारुटोल बनराको नापी भएको थियो। तर, आयोगका पदाधिकारी, कर्मचारी, नापीर मालपोतका कर्मचारी र राजनीतकर्मीहरुले चलखेल गरे। थारुटोल लाई भूमाफिया नाममा दर्ता कायम गरेर लालपूर्जा बनाइदिए । सुकुम्बासीको नाममा हुकुमबासीले जग्गा हडपेका हुन् । त्यस यतादेखि पीडित गाउँलेहरु गैरमान्छेको नाममा जारी गरिएको लालपूर्जा खारिजको माग गर्दै अढाई दशक देख आन्दोलन गर्दै आएका छन् । तर, न्याय पाउन सकिरहेका छन् । उल्टै बाहिरका मानिसहरु लालपूर्जा दखाउँदै बस्ती उठाउन आइरहेका छन्।

पीडितहरूले सरकारसंग चार बुँदे माग राखेका छन् । गैरकानुनी रुपमा जारी गरिएको लालपूर्जा तुरुन्त खारिज गर्नु पर्ने, जग्गा हिनामिनाबारे उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्नु पर्ने, गरी दोषीलाई कारवाही गरिनु पर्न र सुकुम्बासीलाई लालपूर्जा दिएर जग्गाधनी बनाउनु पर्ने उनीहरुको माग छ। संघर्ष समितिकी अध्यक्ष रामसुनर देवी थारुका अनुसार थारु टोल बनरा गाउँमा झण्डै २ सय घरधुरी छन् । १ हजार २ सय जनाको बसोबास रहेको बस्ती उठाउन खोजिदै छ । २०११ सालदेखिको थारुटोल बनरा गाउँमा बसोकास सुरु भएको थियो । बस्तीका ६५ रामधारी सिंह थारु ऋण पुस्तौदेखि थारु टोलमा बस्दै आएका छन् । तर, उनको बसोबास रहेको जग्गा अर्कैको नाममा छ। 'हामीले २०२५ सालदेखि भोग्दै आएको जग्गामा घर छ। जोतकोर गर्दै आएको जग्गा खेतीपाती छ,' उनले भने, 'तर, २०५४ सालको सुकुम्बासी आयोगले नापी गर्दै हाम्रो जग्गा अरुको नाममा लालपूर्जा बनाइदियो । अहिले लालपूर्जा देखाउँदै हामीलाई घर उखेल्न बाहिर का मानिसहरु आउने गरेको छ ।' थारु टोल बनरामा बसोबास नरहेको व्यक्तिहरुको नाममा कसरी पास भयो रु उनीहरु अच्चिमित छन्। त्यही जग्गा फिर्ता पाउनु पर्न मागाख्दै रामधारी जस्ता सयौं पीडितहरुले आन्दोलित छन् । 'जोतकोर जग्गाको फिर्ताहोस् । हाम्रो जग्गा कब्जा गर्नलाई कारवाही होस्,' उनी भन्छन्, ' बस्तीमा बसोबास गरेको हामीसंग धेरै प्रमाणहरु छन् । बस्तीबाट ७ सय बढीले त मतदान गर्छ । बिजुली विल तिरेको बिल छ । खानेपानीको पाइप जडान रहेको प्रमाण छ । २०२५ सालदेखि खेतीपाती गर्दै आएका छौं । बजाबते हामीले अहिले धान, फलफूलका बोटहरु छन् । अनि कसरी अरुको नाममा हाम्रा जग्गा गग्यो । हामी अच्चमित छौं ।' बस्तीकी ६२ वर्षीया सावित्री सदा मुसह थारुटोलमा बस्न थालेको चार पुस्ता भइसक्यो । हजुरबुबाको पालादेखि नथातथलो बनेको बस्तीमा सावित्रीले वंश फैलाए । तर, उसनीहरुलाई भोग्दै आएको जग्गाको अंश दिन भने उनले सकेकी छैनन् । कारण, उनको आफ्नो नामम घडेरी नै छन। 'मेरो बुबा, हजुरबुबा सबै यहीँ बित्नुभयो। हामीले थाहा पाएदेखि नै यहीँ बसो बास गरिरहेका छौं। हामीले भोग गर्दै आएको जग्गा अहिले आएर अरुले आफ्नो नाममा परिसकेका छन्,' उनले भनिन्, 'अहिले हामीलाई यहाँबाट भागाउन थालेको छ। लालपुर्जा देखाएर बाहिरका मान्छेले तर्साइरहेका छन् ।'

## बर्दिवासमा ११ जिल्लाको साहित्यिक सम्मेलन हुने



■ टक नेपाल

बर्दिबास । महोत्तरीको बर्दिवासमा ११ जिल्लाको साहित्यिक सम्मेलन हुने भएको छ । मातिराम भट्टको १५८ औं जन्मजयन्तिको अवसरमा गौरिशंकर मिथिला वाङमय प्रतिष्ठान घाषणासभा गर्ने उदेश्यले ११ जिल्लाका साहित्यकार सहभागी भएर सम्मेलन हुने भएको हो। ३० वैसाखमा बर्दिवासको गौतम होटलमा हुने उक्त घोषणासभामा घोषणापत्र समेत सार्वजनिक गर्ने तयारी गरिएको छ। पहाड र मधेशको साहित्यलाई जोड्ने अभियान अन्तर्गत गौरीशंकर मिथिला वाङमय प्रतिष्ठान घोषणासभा राखिएको कार्यक्रमका संयोजक प्रेम घिमिरेले जानकारी दिए । सभामा बागमती प्रदेशका सिन्धुली, दोलाखा, रामेछाप र मधेशका ८ जिल्ला गरि ११ जिल्लाका साहित्यकारहरु सहभागी हुनेछन् । सहभागी साहित्यकारले आफ्नो भौगोलिक संस्कृति अनुसार बिबिध भाषाहरुमा आफ्ना रचनाहरु समेत प्रस्तुत गर्ने आयोजक पक्षले जनाएको छ । पछिल्लो समय साहित्यिक कन्द्रकोरुपमा विकास हुँदै गएको बर्दिवासले रचना प्रकाशनमा समत कन्द्रिय नेतृत्व गरिरहेको छ। गाीशंकर मिथिला वाङमय प्रतिष्ठानले पनि महात्तरीलाई साहित्यिक पर्यटनकोरुपमा विकास गर्ने सहायक उदेश्य वोके को यस्का अभियन्ताहरुले बताए । बृहत् उदेश्यसहित जन्माउन लागेको उक्त प्रतिष्ठानले साहित्यलाई जिवित राख्न बर्दिवासले केन्द्रिय नेतृत्व गर्ने बताइएको छ। अहिले जिल्ला स्तरिय फरक-फरक बिधाका डेढ दर्जन साहित्यिक संगठन महोत्तरीमा सक्रिय छन् ।

## मुसहर बस्तिमा विशेषज्ञ टोली, अत्याधुनिक प्रविधिद्वारा क्षयरोग जाँच



■ रवीन्द्र उप्रेती

बर्दिबास । क्षयरोगबाट आक्रान्त बर्दिबास-१४ स्थित नमुना मुसहर बस्तीमा मन्त्रीसहित सङ्घ र प्रदेश केन्द्रित स्वास्थ्यकर्मीको टोली आइपुगेको छ । धुर्मुस सुन्तली फाउन्डेसनद्वारा निर्मित व्यवस्थित आवासमा व्याप्त अव्यवस्था एवं क्षयरोग सङ्क्रमणबारे गोरखापत्रले समाचार र सम्पादकीय प्रकाशित गरेपछि सरकारी एवं गैरसरकारी स्वास्थ्य संस्थाका प्रतिनिधिको मुसहर बस्तीमा एकै पटक ओइरो लागेको हो । मङ्गलबार अपराह्न बर्दिबास पुग्नुभएका मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्रप्रसाद सिंहले नमुना बस्तीका घर घरै पुगेर मुसहर समुदायको शिक्षा, स्वास्थ्य, समस्या र आवश्यकताबारे जानकारी लिनुभएको थियो । उहाँले क्षयरोग पहिचान भएकालाई निःशुल्क उपचार, पोषण खर्चलगायतको सुविधा मधेश प्रदेश सरकारले उपलब्ध गराउने बताउनुभयो।

-बाँकी पृष्ठ २ मा



Bardibas, Mahottari Mob. 9801131433

परिवर्तनका लागि एक मात्र नयाँ अवाज
टक नेपाल
www.talknepaltv.com
राष्ट्रिय दैनिक
Talk Nepal TV
National Daily

आत्मविश्वास र काममा कडा मेहनतले नै सफलता दिलाउँछ!

## सम्पादकीय...................

# राजनीतिक निष्ठाका सुवास

निधनपछि व्यक्तिका अवगुण र कमजोरी बिर्सेर गुणमात्रै सम्झने नेपाली समाजको चरित्र हो। राजनीतिकर्मी सुवास नेम्बाङका हकमा भने त्यो चरित्रमात्रै प्रकट भएको मान्न सकिन्न। उनी कमजोरीबिनाका मानिस त होइनन्, तर धेरै गुणले युक्त राजनीतिकर्मी अवश्य हुन्।

दलीय राजनीति भएको मुलुकमा एउटा पार्टीको नेता भएर सबै दलका नेता र समर्थक तथा आमजनताको पनि प्रिय हुन सक्नु भनेको दुर्लभ हो। हो, त्यही विरलाकोटी नेता थिए सुवास नेम्बाङ। जसको मंगलबार बिहान भएको अप्रत्याशित निधनबाट राजनीतिक वृत्तमात्रै होइन, देशको सम्पूर्ण सचेत वर्ग मर्माहत भयो। उनी कतिसम्म सर्वप्रिय थिए भन्ने दृष्टान्त उनी चार/चार पटक सभामुख/अध्यक्ष हुनु पर्याप्त हो। २०६३ सालमा पुनर्स्थापित संसद्देखि संविधानसभासम्म गरी कहिले सभामुख त कहिले अध्यक्षको जिम्मेवारी पाउँदा उनी सबै दलबाट स्वीकार्य भएकैले सर्वसम्मत रूपमा चुनिएका थिए।

तीसको दशकभन्दा अघिदेखि नै राजनीतिमा सक्रिय भएर पनि पढाइलाई समेत निरन्तरता दिएकैले उनी कानुनका प्रखर ज्ञाता बनेका थिए। पञ्चायत विरोधी आन्दोलनका क्रममा जेल जीवन बिताउनु, आफूले अँगालेको कानुन व्यवसाय पेसामार्फत बहुदलका पक्षमा माहोल बनाउन नेतृत्व गर्नुलगायत उनका योगदान छँदै थिए। २०४८ सालमै राष्ट्रियसभा सदस्य भएपछि २०५१ पश्चात् कानुन तथा न्याय मन्त्री बनेर उनले मुलुकमा पहिलोपटक मनमोहन अधिकारी नेतृत्वमा बनेको कम्युनिस्ट सरकारलाई विधिको शासन र लोकतान्त्रिक पद्धतिमा हिँडाउन गतिलो सदस्यको भूमिका खेले।

२०५६ सालदेखिका सबै निर्वाचनमा गृहजिल्ला इलामको क्षेत्र नम्बर २ बाट सधैं निर्वाचित भएर जनप्रतिनिधि बनेपछि कानुन निर्माणको आफ्नो पहिलो दायित्वमा कहिल्यै चुकेनन्। संविधानसभामार्फत संविधान जारी गर्न अध्यक्षको जिम्मेवारीमा रहेर कुशल नेतृत्व प्रदान गरे। त्यसैको फल आज नेपालसँग संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता र धर्म निरपेक्षितासहितको संविधान छ। दलहरूबीच अनेक मतभेद हुँदाहुँदै सबैलाई मिलाएर सहमति जुटाउन अध्यक्षका हैसियतमा नेम्बाङले मियोको भूमिका नखेलेको भए संविधान जारी हुन कठिन थियो। सभामुखका हैसियतमा निर्वाह गर्नुपर्ने तटस्थ र निष्पक्ष भूमिकामा उनले कसैलाई औंला ठड्याउने मौका दिएनन्।

मृदभाषा, शालीन र सौम्य शैलीमा आफ्ना विचार प्रकट गर्ने र सदाबहार हंशमुख चेहेरामा देखिने नेम्बाङले व्यवहारतः प्रकट गरेको असल राजनीतिक संस्कार र कुशल नेतृत्वको अभाव सधैं खट्किरहनेछ। नेपाली राजनीतिमा उनले छर्कर गएको निष्ठा, इमानदारी र सुसंस्कारको सुवास अमिट रहनेछ। शालीनताका प्रतिमूर्ति सुवासलाई हार्दिक श्रद्धाञ्जली।

# संघीयताको प्रयोग सफल हुन नसके खारेज हुन सक्छ

**टक नेपाल**



जनकपुरधाम । नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले संघीयताको प्रयोग सफल हुन नसके देशबाट संघीयता खारेज हुन सक्ने बताएका छन्। बुधबार जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै पूर्वप्रधानमन्त्री खनालले संघीयता प्रयोगको चरणमा रहेकाले यसको सफल कार्यान्वयन नभए खारेज पनि हुन सक्ने बताए । उनले संघीयताको भविष्यलाई लिएर अहिले नै कुनै निर्णयमा पुग्ने स्थिति नरहेको भन्दै आम जनता र मुलुकका लागि कसरी फलदायी हुन सक्छ भन्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिए । उनले संघीयता आम जनताका लागि फलदायी नभए मुलुककै लागि बोझ हुने भएकाले चाहेर वा नचाहेर पनि संघीयता टिक्न नसक्ने बताए ।

# भारतका ४ स्टार खेलाडी आउट गर्ने डुनिथ बेलालेज को हुन् ?

**एजेन्सी**

‘श्रीलंकाले भारतलाई पछि पार्‍यो’, एसिया कपको सुपर फोर अन्तर्गत मंगलबार श्रीलंकाका डुनिथ वेलालेजले आफ्नो स्पिनबाट भारतका उत्कृष्ट ब्याटरहरुलाई आउट गरेपछि इंग्ल्याण्डका पूर्व क्रिकेटर डोमिनिक कर्कलेले भने । चीर प्रतिद्वन्द्वी पाकिस्तानमाथि वर्षाले प्रभावित खेलमा शानदार जितको २४ घण्टा नपुग्दै रोहित शर्माको भारतले साविक विजेता श्रीलंका विरुद्ध रोमाञ्चक सुरुवात गरेको थियो । आर प्रेमादास स्टेडियममा भारतीय भेट्रान कप्तान रोहितले १० हजार रन पूरा गरे। जसमा उनले अर्धशतक प्रहार गरे। लयमा रहेका शुभमन गिलको सहयोगमा रोहितले पहिलो विकेटका लागि ११ ओभरमै विना क्षति ८० रनको साझेदारी गरेपछि भारतले जारी एसिया कपमा अर्को ठूलो स्कोर बनाउने अनुमान थियो । तर श्रीलंकन राइजिङ स्टार वेलालेजले गिललाई उत्कृष्ट डेलिभरीमा आउट गर्द आफ्नो उपस्थिति देखाए । १२औं ओभरमा बलिङमा आएका उनले गिललाई आफ्नो पहिलो विकेटको शिकार बनाए । पाकिस्तान विरुद्ध शतक हानेका कोहलीलाई वेलालेजले १४औं ओभरमा बोल्ड गरे । १२ बलमा ३ रन बनाएका कोहलीलाई वेलालेजले कप्तान दसुन सनाकाबाट क्याचआउट गराए । ड्रिङ्स ब्रेकपछि २० वर्षीय वेलालेजले ज्याकपट विकेट लिए । उनले १६औं ओभरमा कप्तान रोहितलाई बोल्ड गरे। ८०-० मा रहेको भार १६ ओभरमै ९३-३ को स्थितिमा पुग्यो । वेलालेजले उत्कृष्ट बलिङ गर्दै मेडनसहित ३ ओभरमा ४ रन मात्र खर्चेर ३ विकेट लिएपछि भारत ब्याकफुटमा आयो । त्यसपछि वेलालेजले ३०औं ओभरमा ३९ रन बनाएका केएल राहुललाई आउट गरे भने इशान किसनलाई ३५औं र हार्दिक पाण्डेलाई ३७औं ओभरमा आउट गरे । सन् २००२ मा भारतले श्रीलंकासँग आईसीसी च्याम्पियन्स ट्रफी बाँड्दा वेलालेज जन्मेका समेत थिएनन् । तर १९९६ को विश्वकप जितेका श्रीलंकाका लागि आफ्नो १३औं ओडीआई खेलमै उनले शानदार बलिङ गर्दै हेडलाइनमा छाए । लेफ्ट ह्याण्डेड ब्याटर र स्लो लेफ्ट आर्म अर्थोडक्स बलर वेलालेजले कोलोम्बोस्थित सेन्ट जोसेफ कलेजबाटमा अध्ययन गरेका थिए । सन् २००३ जनवरी ९ मा कोललोम्बोमा जन्मिएका वेलालेजले २०२२ मा



पाल्लेकेले इन्टरनेशनल क्रिकेट स्टेडियममा अष्ट्रेलियाविरुद्ध डेब्यु गरेका थिए। वेलालेजले अहिलेसम्म एक मात्र टष्ट पाकिस्तानविरुद्ध खेलेका छन्। उनले श्रीलंकाका लागि अन्तर्राष्ट्रिय क्रिकेटमा १८ विकेट लिएका छन् । वेलालेजले गत वर्ष भएको यू-१९ विश्वकपमा श्रीलंकन यू-१९ टिमको कप्तानी समेत गरिसकेका छन् । श्रीलंकन युवा स्टार यू-१९ विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीमध्ये एक थिए । उनले १७ विकेट लिएका थिए । अलराउण्डर वेलालेजले श्रीलंकाका लागि सर्वाधिक २६४ रन समेत बनाएका थिए । यू-१९ विश्वकपको पहिलो खेलमै स्कटल्याण्ड विरुद्ध ५ विकेट लिएका उनले त्यसपछि अष्ट्रेलियाविरुद्ध पनि ५ विकेट लिनुका साथै अर्धशतक प्रहार गरेका थिए। यस्तै सुपर लिग प्लेअफमा उनले दक्षिण अफ्रिका विरुद्ध ११३ रन बनाउनुका साथै १ विकेट लिएका थिए।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। | तुला | अवसर आए पनि बेसुरको निर्णयले समस्या निम्त्याउनेछ। |
| बृष | नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। | वृश्चिक | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। |
| मिथुन | नयाँ काममा जग बसाउने समय छ। | धनु | साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ। |
| कर्कट | तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। | मकर | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। |
| सिंह | परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। | कुम्भ | तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। |
| कन्या | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। | मीन | सोख, खानपान र साजसज्जामा खर्च गर्नुपर्ने समय छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# मुसहर बस्तिमा विशेषज्ञ टोली..............................

त्यसअघि नै भक्तपुरबाट क्षयरोग निदान घुम्ती सेवाको सुविधासम्पन्न गाडी लिएर राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. प्रज्वल श्रेष्ठ र प्रदेश स्वास्थ्य सचिव डा. प्रमोद यादव विशेषज्ञसहितको टोली लिएर मुसहर बस्ती पुगिसक्नुभएको थियो। यसका साथै प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्र, विश्व स्वास्थ्य सङ्गठनकी प्रतिनिधि नवङ डोल्मा तामाङ, बागमती सेवा समाज, सेभ द चिल्ड्रेन, बिएनएमटी (विराट नेपाल मेडिकल ट्रस्ट), जिल्ला स्वास्थ्य कार्यालयलगायत संस्थाका प्रतिनिधि स्वास्थ्य परीक्षण र विवरण सङ्कलनका लागि मुसहर बस्ती पुग्नुभएको थियो। मुसहर बस्तीमा सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरका निर्देशक डा. श्रेष्ठ तथा मधेश प्रदेशका स्वास्थ्य सचिव डा. यादवले मुसहर बस्तीमा बसोबास गर्ने सबै जनाको अत्याधुनिक प्रविधिद्वारा क्षयरोग जाँच गर्ने प्रक्रयिा सुरु भएको जनाउनुभयो। “उन्नत प्रयोगशालासहितको गाडी र विशेषज्ञको टोली लिएर नमुना मुसहर बस्तीमा आएका छौं,” निर्देशक श्रेष्ठले बताउनुभयो, “अब स्वास्थ्य परीक्षणदेखि उपचारसमेत घरमै पाइने सुविधाले क्षयरोग निवारण प्रभावकारी हुने विश्वास लिएका छौं।”

**चर्चामा घुम्ती सेवाको गाडी**

राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरबाट बर्दिबास-१४ स्थित नमुना मुसहर बस्ती आइपुगेको ‘क्षयरोग निवारण घुम्ती सेवा’ को बस अहिले यहाँ चर्चा र चासोको विषय बनेको छ। यो बस आफैंमा ‘चल्ता फिरता अत्याधुनिक प्रयोगशाला’ भएकाले यसले मधेश प्रदेशकै क्षयरोग निवारणमा आशा र भरोसा थपेको छ। केन्द्रका प्रयोगशाला निरीक्षक ईश्वरी भुसालका अनुसार यो बसमा डिजिटल एक्सरे मेसिन जडान भएको छ। यसको प्रिन्ट निकाल्न पर्दैन। यो मेसिनले खिचेको एक्सरे इमेल, ह्वाटस एप र पेनड्राइभमा लोड गरेर जाँच गर्न जुनसुकै ठाउँबाट विशेषज्ञसम्म पठाउने सुविधा छ। खकार जाँच्ने माइक्रोस्कोपदेखि जिन स्पट मेसिन पनि बसमा जडान छ। यतिले पहिचान नभए छालाबाट क्षयरोग पत्ता लगाउने ‘मेनटक्स’ जस्ता अत्याधुनिक मेसिन पनि यसै बसमा जडान भएकोले यसलाई ‘क्षयरोग निवारण घुम्ती सेवा’ नामकरण गरिएको उहाँले बताउनुभयो।

# संविधानले बुद्धि र विवेक बाँड्दैन

■ हरिप्रसाद लम्साल

२०६४ चैत २८ गते संविधानसभाका लागि निर्वाचन सम्पन्न भई सुरु भएको संविधानसभामार्फत संविधान निर्माण गर्ने प्रक्रियाले अनेकौं उकालीओराली र मोडहरू पार गर्दै २०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनबाट गठित यस सभाको अनवरत प्रयासपछि आज सार्थक भएको छ।

पहिलो संविधानसभाले विभिन्न किसिमका राजनीतिक विवादका कारण असफल हुनुपर्ने सबै राजनीतिक दलहरूको सुझबुझ एवं नेपाली जनताको चाहनाबमोजिम निर्वाचित दोस्रो संविधानसभा यस प्रयासमा सफल भएको छ। सफलताको यस सुखद क्षणमा हामी सबै आज उत्साहित हुँदै खुसीले ओतप्रोत भएका छौं।

**माननीय सदस्यहरू,**


हामी स्वतन्त्र देशका स्वाधीन नागरिक हौं। संविधान निर्माणसँगै हाम्रा भावी राजनीतिक सामाजिक एवं आर्थिक संरचनाको रूपरेखा हामी आफैंले कोरेका छौं। हामीले निर्माण गरेको संविधान नै हाम्रो भावी समृद्धिको मार्गचित्र हो। संविधानले गणतन्त्र, लोकतन्त्र, संघीयता धर्म निरपेक्षता र समावेशितालगायत अहिलेसम्मका क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्ने गरी गरेको छ। अहिले समेट्न नसकेका कतिपय विषयहरूलाई आउने दिनमा समेट्न सकियोस् भनी लोकतान्त्रिक आधार तयार गरिएको छ।

संविधान निर्माणको प्रक्रिया अत्यन्त लोकतान्त्रिक, स्वतन्त्र, पारदर्शी र सहभागितामूलक रह्यो।

जनतालाई सबल बनाउने प्रक्रिया निरन्तर चल्छ र यो प्रक्रियाका लागिसमेत संविधानले मार्ग प्रशस्त गरेको छ। यसमा हामी सबैको भविष्य सुनिश्चित भएको छ। हामी आफैंले बनाएको यस पद्धतिको सफल कार्यान्वयनका लागि हामी सबै एकजुट भई इमान्दार प्रयास गर्नुपर्छ भन्ने मेरो धारणा रहेको छ। संविधान जारी भएसँगै अर्को चुनौती सुरु भइसकेको छ, त्यो हो यसको सफल कार्यान्वयन। नयाँ संविधानको कार्यान्वयन चुनौतीपूर्ण छ। यसका केही संकेतहरू अहिले नै केही देखिएका पनि छन्। संविधान राम्रो भएर मात्रै पुग्दैन, यसको कार्यान्वयनकर्तामा इमान्दारी र प्रतिबद्धता हुन जरुरी छ।

संविधानले शासन पद्धतिका सिद्धान्तहरू तय गर्छ। संविधानले बुद्धि विवेक र क्षमता भने बाँड्न सक्दैन। तसर्थ संविधान राम्रो भएर मात्रै हुँदैन। संविधानको सहज र प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक नेतृत्वले विवेकशील भई क्षमता प्रदर्शन गर्न सक्नुपर्छ। नयाँ संविधानको कार्यान्वनयमा हामी सबै सफल हुनेछौं भन्ने कुरामा म पूर्ण विश्वस्त छु। संविधान निर्माणमा देखिएको दलहरूबीचको एकता यसको कार्यान्वयनमा पनि देखियोस् भन्ने मेरो सादर आग्रह छ। संवैधानिक प्रावधानको कार्यान्वयनको अवसरमा जतिसुकै परिस्थिति आइपुगे पनि एकताबद्ध रही त्यसको कडाइका साथ कामना गर्न म सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई हार्दिक अनुरोध गर्न चाहन्छु।

**माननीय सदस्यहरू,**




म यहाँ बडो हर्षका साथ स्मरण गराउन चाहन्छु- संविधान निर्माणको प्रक्रिया अत्यन्त लोकतान्त्रिक, स्वतन्त्र, पारदर्शी र सहभागितामूलक ह्यो। संविधान निर्माणमा जनताको प्रत्यक्ष सहभागिता यस्तो प्रयासको प्रमुख विशेषता नै हो भन्दा अत्युक्ति नहोला। संविधान निर्माणमार्फत संविधान निर्माण गरेका विश्वका अन्य मुलुकहरूमा जस्तै हामीले अवलम्बन गरेको प्रक्रिया पनि उल्लेख्य र उदाहरणीय रूपमा लोकतान्त्रिक जनसहभागितामूलक भएको हामी सबैलाई महसुस भएको छ। लोकतान्त्रिक वातावरणमा जनसहभागितामूलक ढंगबाट संविधान निर्माण गर्दा बहस र छलफलका क्रममा कतिपय अवस्थामा निराशाजनक स्थितिबाट पनि हामी गुज्रिरहेका हौं।

संविधान पारित गर्ने अन्तिम चरणसम्म पनि कतिपय राजनीतिक दलहरू र माननीय सदस्यहरूको भिन्न दृष्टिकोण प्रकट भएको हो। तर देशको व्यापक जनमत संविधान निर्माणलाई अब टुंग्याउनुपर्ने पक्षमा रहेको र संविधानसभाका ५०७ सदस्यले संविधान पारित गर्ने पक्षमा मत जाहेर गर्नुभएको छ। संविधानसभाका केही माननीय सदस्यले फरक मत राखेर तथा संशोधन प्रस्ताव राखेर पनि यो प्रक्रियालाई सहयोग गर्नुभएको छ। संविधानसभाका ५७ जना सदस्यहरूले भने संविधान पारित गर्ने अन्तिम चरणमा प्रक्रियालाई बहिष्कार गर्न पुग्नुभएको छ। संविधानको मूल पारित मूलप्रतिमा ५३७ सदस्यले हस्ताक्षर गर्नुभएको छ।

यस्तो अवस्थामा संविधानसभाले प्रक्रिया अगाडि बढाउनु सबै हिसाबले उपयुक्त थियो र त्यसको कुनै पनि विकल्प थिएन। प्रस्तुत सन्दर्भमा संविधानको मतदान विश्व अनुभवका सन्दर्भमा पनि उल्लेख्य र महत्त्वपूर्ण छ। सबैलाई समेट्ने प्रयास निरन्तर जारी रहनुपर्छ भन्ने कुरा राख्दै यस्तो असहज अवस्थामा पनि नेतृत्व पंक्तिलगायत सम्पूर्ण राजनीतिक दलहरूले देखाएको सुझबुझ र उहाँहरूको मेहनत र नेतृत्व क्षमताको सराह्रना गर्दै संलग्न सबैलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

संविधान समावेशी छ र जनताको सहभागितामूलक प्रक्रियामार्फत अहिलेसम्मका क्रान्ति र उपलब्धि संस्थागत भएको छ र अगाडि बढ्ने आधार तयार भएको छ।

हामीले निर्माण गरेको हाम्रो संविधानको प्रस्तावनादेखि अनुसूचीसम्मका विषयवस्तुलाई दृष्टिगत गर्दा नयाँ संविधान मूलतः ३५ भाग ३०८ धारा र ९ ओटा अनुसूचीमा विस्तारित रहेको छ। नेपाली जनताले लोकतन्त्र मानवअधिकार र शान्तिका लागि विगतमा गरेका अनेकौं उत्सर्गको इतिहाससहित भविष्यको मार्गचित्रसमेत समेटेर लेखिएको प्रस्तावनालगायत नागरिकता, मौलिक अधिकार, राज्यका नीति, निर्देशक सिद्धान्त, संघीय स्वरूपमा राज्यको पुनर्संरचना, गणतन्त्र, धर्म निरपेक्षता, समावेशिता बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणाली, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, आवधिक निर्वाचन, समावेशी लोकतन्त्र, स्थानीय तहको संवैधानिक प्रत्याभूतिलगायतको व्यवस्था हाम्रो संविधानका विशेषताहरू हुन्।

संविधानमा रहेका व्यवस्थाहरू कतिपय विवरणात्मक जस्तो भए पनि समग्रमा यो संविधानमा जनताले अपेक्षा गरेका कुनै पनि विषयहरू नछुटुन् भन्ने दृष्टिकोणबाट हामी संविधान निर्माताहरू विशेष रूपमा निर्देशित भएको स्वतः स्पष्ट छ। यो अपेक्षाकृत विवरणात्मक देखिए पनि जनताबाट आएका राय र सुझावहरूलाई समेट्दा त्यसो हुन गएको हो भन्ने कुरामा म सबैलाई आश्वस्त पार्न चाहन्छु।

आर्थिक विकासका अवसरको वितरण, उपलब्ध स्रोतहरूको व्यवस्थापन अझ वैज्ञानिक ढंगबाट जनताले चाहेबमोजिम हुन सकोस्। सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्न सकियोस् भन्ने हेतुले संविधानमा हामीले संघात्मक शासन प्रणाली आत्मसात् गरेका छौं। संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई ७ प्रदेशमा विभाजित गरिएको छ। नेपालको संवैधानिक इतिहासमा संविधानको यो प्रमुख एवं सर्वथा नवीन व्यवस्था भएको छ। नेपाल एक सार्वभौमसत्ता सम्पन्न मुलुक हो र यो कुनै पनि स्थितिमा अविभाज्य संघ हो भन्ने कुरा आफैंमा स्पष्ट छ।

प्रशासनिक व्यवस्था छिटो र छरितो होस्। स्थानीय स्तरदेखि नै जनताको शासन व्यवस्थामा सहज संलग्नता होस् भनेर सम्पूर्ण देशलाई विभिन्न प्रदेशमा विभाजित गरिए पनि अन्त्यतः नेपाल एक अविभाजित, सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र स्वाधीन रहनेछ भन्ने कुराको संवैधानिक सुनिश्चितता संविधानमा गरिएको छ। संवैधानिक व्यवस्थाअनुसार सबै नागरिकहरू समान छन्। जातजाति, उत्पत्ति भाषा, धर्म, वर्ण र लिंगजस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नपाइने गरी निषेध गरिएको मात्र होइन, त्यस्तो भेदभावलाई कानुनबमोजिम दण्डनीयसमेत बनाइएको छ।

सामाजिक सम्बन्धमा छुवाछूतलगायतका कुनै पनि किसिमका सामाजिक कुरीतिहरूलाई संविधानतः निषेध गरिएको छ। अल्पसंख्यक तथा सीमान्तकृत नागरिकहरूको सुरक्षा तथा संरक्षणमा विशेष जोड दिइएको छ। आफ्नो धर्म र धार्मिक विश्वासलगायत उनीहरूका धार्मिक पूजाआजाका विषयहरू आफैं व्यवस्थित गर्न सक्ने गरी संविधानले धार्मिक स्वतन्त्रताको लोकतान्त्रिक अधिकारलाई प्रत्याभूत गरेको छ।

माननीय सदस्यहरू,

लोकतन्त्र, मानवअधिकार तथा समान अवसरका लागि हामीले गरेको धेरै लामो संघर्ष, बलिदान र अविछिन्न प्रयासपछि हामीले आजको यो पूर्ण लोकतान्त्रिक पद्धतिसहितको संवैधानिक व्यवस्था स्थापना गरी संस्थागत गर्न सकेका छौं। यसलाई हामीले समाजको हरेक तप्कासम्म पुर्याउन अति आवश्यक छ। यो हाम्रो दैनिक जीवन पद्धतिसँग सोझै जोडिएको छ। संविधानले प्रत्याभूत गरेका स्वतन्त्रता, समानता र भातृत्व अविभाज्य छन्।

अनन्तः हाम्रो लोकतान्त्रिक पद्धतिको मूल मर्ममाथि नै समेत नराम्रोसँग प्रहार गर्न सक्दछ। यसले पूर्ण आर्थिक असमानता र सामाजिक विभेद सिर्जना गर्ने सम्भावना रहन्छ। अब हामीलाई त्यस किसिमको असमान र अलोकतान्त्रिक व्यवस्था किमार्थ स्वीकार्य नहुने स्पष्ट छ। सामाजिक शान्ति तथा शासकीय सुव्यवस्था कायम गर्नेतर्फ हामी सबैको प्रयास हुन आवश्यक छ। अन्यथा संविधान लोकतान्त्रिक हुँदैमा त्यसको कार्यान्वयन र सञ्चालन समुचित ढंगबाट गर्न सकिएन भने सामाजिक सद्भावसहितको न्यायपूर्ण समाज निर्माणको हाम्रो उद्देश्य अपूर्ण नै रहनेछ भन्ने कुरातर्फ सबैको ध्यानाकर्षण गराउन चाहन्छु। म यसतर्फ सबै माननीय सदस्यहरूलाई सजग रहनसमेत आग्रह गर्न चाहन्छु।

**माननीय सदस्यहरू,**

आज संविधानसभाबाट जारी गरिएको संविधानमा अझै पनि कति कमी, कमजोरीहरू हुन सक्दछन्, किनकि यो एउटा राजनीतिक सहमति र सम्झौताको साझा दस्तावेज हो। त्यसैले यो शतप्रतिशत पूर्ण (पर्फेक्ट) नहुन सक्दछ। सबैको सबै कुरा नपरेको हुन सक्दछ, कैयौं माननीय सदस्यहरूले फरक मत राख्नु भएको थियो र संशोधन प्रस्तावसमेत गर्नुभएको हो। बढीसे बढी विषयहरू समावेश गर्ने कोसिस भएको हो, थप गर्नुपर्ने विषयहरूलाई लोकतान्त्रिक विधिबाट संविधानमा समावेश गर्न सकिने संवैधानिक आधार तयार भएको छ।

जनताको मत जित्दै जनप्रतिनिधिमार्फत संशोधन गर्दै अगाडि बढ्न म सबैलाई आग्रह गर्दछु। त्यसका लागि उपयुक्त आधार संविधानले तयार गरेको छ। संविधान समावेशी छ र जनताको सहभागितामूलक प्रक्रियामार्फत अहिलेसम्मका क्रान्ति र उपलब्धि संस्थागत भएको छ र अगाडि बढ्ने आधार तयार भएको छ।

संविधान समयसँगै विकसित हुँदै जान्छ र परिपक्वता प्राप्त गर्दछ। संविधान पारित गर्नु भनेको संविधान निर्माणको प्रक्रियाको समाप्ति गर्नु होइन, बरु संविधानको विकास क्रमको सुरुवात हो भनी हामी सबैले सम्झनु आवश्यक छ। यसै पटक सम्पूर्ण चीजहरू आफूले भनेको जस्तो भएन भनेर प्राप्त भइसकेको उपलब्धिहरूको महत्त्व कम गर्ने र जनादेशको सवालमा आशा हुने कार्य कसैले पनि नगरौं भन्ने म विनम्र अनुरोध गर्दै संवैधानिक व्यवस्थाअनुसारको लोकतान्त्रिक पद्धतिमा सरिक हुन म यस पावन अवसरमा सबैलाई हार्दिक आह्वान गर्दछु।

राष्ट्रिय एकता तथा अखण्डतामा कुनै पनि सम्झौता हुन सक्दैन। अनेक जातजाति, भाषा, धर्म, र जन सम्प्रदायसहित हाम्रा यति धेरै भौगोलिकता विविधता विशिष्टतालाई समेट्दै सम्पूर्ण देशको एकतालाई अविछिन्न राख्ने क्षमता हाम्रो संविधानमा स्पष्ट गरिएको छ। जुनसुकै अवस्थामा पनि हामी सम्पूर्ण नेपालीहरूलाई एकताको सूत्रमा आबद्ध गरी सामाजिक न्याय आर्थिक अवसर तथा नागरिकको सुखद भविष्यको प्रत्याभूति गर्ने हाम्रो संविधानको सफलता कार्यान्वयनको कामना गर्दै म सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु।

साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा-१ महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रा सेवाहरु
• २४सै घण्टा इमरजेन्सी सेवा
• HDU, ICU, NICU सेवा
• २४ सै घण्टा डिलेभरी सेवा
• २४सै घण्टा ट्रमा(हाड जोर्नी एवं नशा)
• २४सै घण्टा अपरेशन सेवा
• २४सै घण्टा बाल रोग विशेषज्ञ सेवा
• २४सै घण्टा भिडियो एक्स–रे सेवा
• २४सै घण्टा ल्याब, प्याथोलोजी सेवा
• इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
• छाती, मुटु तथा पेट रोग विशेषज्ञ
• हाड जोर्नी तथा नशा रोग सेवा
• पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
• नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मधेश प्रदेशकै एक मात्र प्रतिष्ठित सामुदायिक क्याम्पस
बर्दिबास जनता बहुमुखी क्याम्पस
मा शैक्षिक सत्र २०८०/०८१ को लागि BBS र B.Ed प्रथम वर्षमा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।
अध्यापन हुने सङ्कायहरु :
१. Management (अंग्रेजी र नेपाली माध्यम)
२. Education
→ Major English → Major Population
→ Major Nepali → Major Health
→ Major Math
3. Masters in Education Semester System
→ Nepali & Health
कक्षा सञ्चालन : २०८० भदौ १० गतेदेखि
MBS Proposed
हाम्रा विशेषताहरु :
१. उत्कृष्ट तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने सफल सामुदायिक क्याम्पस
२. दक्ष तथा अनुभवी प्राध्यापकहरुद्वारा अध्ययन अध्यापन गराईने
३. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था
४. सुविधा सम्पन्न भवन तथा अनुशासित वातावरण
५. आन्तरिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई विशेष छुटको व्यवस्था
६. पुस्तकालयको राम्रो व्यवस्था भएको
विस्तृत जानकारीका लागि
9861018766, 9842876871
बर्दिबास न.पा.-१४, महोत्तरी

# निधनको अघिल्लो दिन पनि कानुन निर्माणमै व्यस्त नेम्वाङ



टक नेपाल

काठमाडौं । हृदयाघातबाट निधन हुनु एक दिन अघिसम्म संविधानसभाका अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ शान्ति प्रक्रियासँग जाडिएको कानुन निर्माणका क्रममा व्यस्त रहनुभएको थियो । प्रतिनिधि सभाको कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक' बारे गठित उपसमितिलाई सहमतिका साथ कानूनी र राजनीतिक सहमति जुटाउने सवालमा सांसद नम्वाङले एक प्रकारले अगुवाइ गर्दै आउनुभएको थियो । उक्त विधेयकमा सहमति खोज्न गत साता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच पनि छलफल भएको थियो। द्वन्द्वकालीन हिंसात्मक घटनामा गम्भीर अपराधका मुद्दालाई माफी मिनाह दिने या नदिनेलगायतका विषयमा दलबीच मतैक्य हुन सकेको छैन । यही भदौ २४ गते आइतबार सिंहदर बारस्थित समितिकै कार्यकक्षमा उपसमितिको अनौपचारिक बैठकमा सहभागी भई नेम्वाङले विधेयकका कानूनी पक्षमा आएका संशोधन र सुझावलाई समेटेर प्रतिवेदन बनाउन आफ्नो सुझाव दिनुभएको थियो । त्यसको अघिल्लो दिन उहाँ एमाले निकट राष्ट्रिय युवा सङ्घको कार्यक्रममा सहभागी भई धरानबाट फर्कनुभएको थियो । उक्त अनौपचारिक बैठकमा सहभागी जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झा (ठाकुर) ले त्यस दिन सुवास नेम्वाङसँग रमाइलो ढङ्गले कुाकानी भएको स्मरण गर्दै भन्नुभयो, "मैले दाइ कुन चिया खाने भनेँ । उहाँले अलि रुघा लागेको छ, चिया खाएपछि दूध हालेकै खाउँ भन्नुभएको थियो ।" नेम्वाङले आफूलाई उच्च रक्तचापर चिनी रोग भएको पनि सदस्यलाई अवगत गराउनुभएको थियो । उपसमितिका सदस्यबीच यही भदौ २५ गते सोमबार पनि उक्त विषयमा छलफल गर्ने कुरा भएअनुसार सभापति विमला सुवेदीसहित सदस्य उपस्थित भइसकेका थिए । सुवास नेम्वाङ नआइपुगेपछि सभापति सुवेदीले फोन गर्दा नेम्वाङले बिरामी भएर घरमा आराम गरिरहेको जवाफ दिंदा झाले 'सुनाइमा गल्ती भयो होला, हिजो मात्रै यहीँ भेटेको बिरामी होइन होला, विराटनगर बाट अस्ति फर्किएको भन्नुभएको होला' भनेर सम्झाएको सुनाउनुभयो । जसपामा आउनुअघि नेम्वाङकै पार्टी एमालेबाट सांसद भई विगतमा प्रतिनिधिसभाको शिक्षा समितिको सभापति रहनुभएका झाले यही भदौ २६ गते मङ्गलबार बिहानै नम्वाङको निधन भएको खबर सुन्दा आफू निकै दुःखी र आश्चर्यमा परेको बताउनुभयो । उक्त विधेयक गत फागुन २५ गते सङ्घीय संसदमा दर्ता भएको थियो । समितिले राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ध्रुवबहादुर प्रधानको नेतृत्वमा विधेयकबारे प्रतिवेदन तयार गर्न ११ सदस्यीय उपसमिति गठन गरेको छ । समितिका समितिका सदस्य सचिव अधिराज राईका अनुसार भदौ २४ गतेको अनौपचारिक बैठकमा नम्वाङले उपसमितिका सदस्यलाई एक प्रकारले मार्गदर्शन दिई प्रतिवेदन तयारीको गृहकार्यमा केही सदस्यलाई अलि समय दिन आग्रह गर्नुभएको थियो । नेम्वाङले विधेयकलाई सहमतिका आधारमा टुङ्गोमा लानुपर्ने र आफू त्यसका लागि तत्पर रहने स्पष्ट गर्नुभएको राईले जनाउनुभयो । अनौपचारिक बैठकमा उपसमिति संयोजक प्रधान, एमालेका महेश बर्तौला, नेकपा (माओवादी केन्द्र) का पूर्णबहादुर घर्ती, नेकपा (एकीकृत समाजवादी)का शेरबहादुर कुँवर, राष्ट्रिय स्वतन्त्र पार्टीका सन्तोष परियार, जसपाका झा, जनमत पार्टीका गोमालाभ सापकोटा सहभागी हुनुहुन्थ्यो। बिपी साहित्य महोत्सव सञ्चालन भइरहेका कारण नेपाली कांग्रेसका रमेश लेखक भने भदौ २४ गतेको बैठकमा उपस्थित हुनुभएको थिएन ।

*रासस*



अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

# समृद्धि हासिल गर्न सरकारले दीर्घकालीन लक्ष्य तय गरेको छ : प्रधानमन्त्री प्रचण्ड



टक नेपाल

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सरकारले दीर्घकालीन सोच तय गरेको बताउनुभएको छ । बुधबार नेपाल भ्यूजको दोस्रो वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री प्रचण्डले यस्तो बताउनुभएको हो। प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी नेपाल सरकारले योजनावद्ध रूपमा समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न दीर्घकालीन साच तय गरेको छ ।" नेपालको संविधानले लाकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न समाजवादप्रति प्रतिवद्ध समृद्व राष्ट्र निर्माण गर्ने अभिभारा सुम्पिएको उहाँको भनाइ छ । प्रत्येक नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी र योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता आधारभूत विषयलाई मौलिक हकका रूपमा परिभाषित गरिएको उहाँले प्रष्ट पार्नुभयो । 'समृद्धिका सम्भावना र चुनौती' विषयक कार्यक्रममा सन् २०२६ मा नेपाललाई अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको उहाँको भनाइ छ । प्रधानमन्त्री प्रचण्डले अगामी आर्थिक वर्षदेखि लागू हुनेगरी सोहौं योजनाको निर्माण सुरु हुने जानकारीसमेत गराउनुभएको छ। "सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोचका साथ आगामी आर्थिक वर्षदेखि लागु हुनेगरी सोह्रौं योजनाको निर्माण सुरू भएको छ", उहाँले भन्नुभयो, "देशमा उपलब्ध जलस्रोत, कृषि, भूमि, वन पैदावार जस्ता प्राकृतिक स्रोतको दिगो विकास, उत्पादन एवं उत्पादकत्व अभिवृद्धि र व्यवस्थापन, पर्यटन पूर्वाधार र क्षमता विकास, तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान र लगानीको वातावरण निर्माण, आर्थिक आधारहरूको सबलीकरण, पुँजीगत खर्च क्षमता अभिवृद्धि गरी रोजगारीका अवसरमा वृद्धि र आर्थिक विकासमार्फत् समृद्धिको लक्ष्य हासिल गर्ने प्रचुर सम्भावना छ ।" विभेद र उत्पीडनको अन्त्य, सुशासन, समानता र सामाजिक न्याय हामीले खोजेको समृद्धिका परिपुरक रहेको उहाँको भनाइ छ । उहाँले अहिलेका प्रमुख चुनौती उपभोगमुखी आयात, न्युन निर्यात र अन्तरिक रोजगीका सीमित अवसर रहेको बताउनुभएको छ । "निरन्तर र अनपेक्षित न्युन आर्थिक वृद्धि, अर्थतन्त्रका संरचनागत समस्या, न्युन उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत, कमजोर प्रतिस्पर्धी क्षमता, औद्योगिक क्षेत्रको सङ्कुचन, उपभोगमुखी आयात, न्युन निर्यात क्षमता, बढ्दो व्यापार घाटा र आन्तरिक रोजगारीका सीमित अवसर प्रमुख चुनौतीका रूपमा रहेका छन्", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो । समृद्धि हासिल गर्ने प्रयासमा देखिएका नीतिगत, संरचनागत र प्रणालीगत अवरोधको पहिचान, सम्बोधन, निराकरण र संरचनात्मक रूपान्तरण गर्दै अगाडि बढनुपर्ने उहाँको भनाइ छ । समृद्धिको लक्ष्य हासिल गर्न सर कार, निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूबीच सहकार्य गर्न र नेपालमा लगानीको वातावरण सिर्जना गर्न सरकार प्रतिवद्ध रहेको प्रधानमन्त्रीको भनाइ छ । "राष्ट्रिय गौरवका आयोजना र गेम चेञ्जर प्रोजेक्टहरूको समयमै कार्यान्वयन गर्नसके आर्थिक विकास र रोजगारी सिर्जनामा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ । तसर्थ, सरकारको सम्पूर्ण नीति, योजना र ध्यान यसै दिशामा केन्द्रित गरिएको छ", प्रधानमन्त्री प्रचण्ड ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : रोशन कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com